निर्णयहरू:-

१. विभिन्न कार्यालय/निकायबाट जिल्लामा वैदेशिक सहायतामा सञ्चालनमा रहेका आयोजनाहरूको विवरण देहायको ढाँचामा ७ (सात) दिनभित्र तयार गरी जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई उपलब्ध गराउने ।

| क्र.सं. | आयोजनाको नाम र स्थान | आयोजना शुरू भएको तथा सम्पन्न हुने मिति | लागत | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

२. जिल्लाभित्र कोभिड-१९ संक्रमणको दर कम देखिएतापनि जोखिम यथावत नै रहेको हुँदा सबै कार्यालयहरूले सेवा प्रवाहका क्रममा सामाजिक दूरीको पालना, मास्कको प्रयोग, सेनिटाइजर वा साबुन पानीले हात धुने लगायतका जनस्वास्थ्यका मापदण्डहरू अनिवार्य पालना गर्ने, गराउने ।

३. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ४६३, मिति २०७८-०५-२७ को राष्ट्रिय जनगणना, २०७८ सम्बन्धी विषयक पत्रको व्यहोरा बैठकमा जानकारी गराइयो । सो सम्बन्धमा यस जिल्लामा जनगणना सञ्चालनमा सबै कार्यालयहरूले आवश्यक सहयोग र समन्वय गर्ने ।

४. आसन्न दशैं, तिहार तथा छठपर्व जस्ता पर्वमा हुने लामो विदाको अवधिभर सबै कार्यालयहरूले भरपर्दो पालो पहराको व्यवस्था मिलाउने र सो को जानकारी जिल्ला प्रशासन कार्यालय, मकवानपुर र जिल्ला प्रहरी कार्यालय, मकवानपुरलाई गराउने ।

५. चाडपर्वको समयमा आपूर्ति तथा आपत्कालीन सेवाको व्यवस्थापनका लागि एम्बुलेन्स, स्वास्थ्यकर्मी, स्काभेटर, सवारी साधन, क्रेन, चालक आदि आवश्यक पर्नसक्ने भएको हुँदा सम्बन्धित कार्यालय/निकायले कार्यालयमा रहेका स्रोत साधन र जनशक्ति तयारी अवस्थामा राख्ने ।

६. चाडपर्वको समयमा बजारमा मूल्य वृद्धि, कृत्रिम अभाव सृजना, जम्माखोरी कालोबजारी, न्यून गुणस्तर सामग्री विक्री वितरण लगायतका उपभोक्ता हित विपरीतका कार्यहरू हुन नदिन सबै स्थानीय तहहरू, घरेलु तथा साना उद्योग कार्यालय र खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले कानूनमा तोकिएका समितिहरूमार्फत नियमित एवं आकस्मिक बजार अनुगमन गरी कानून विपरीतका कार्य गर्नेलाई कानूनी दायरामा ल्याउने ।

७. चाडपर्वको समयमा वर्षातका कारण सडकहरू अवरोध हुन नदिन तथा मर्मत गर्नुपर्ने सडकहरू समयमा नै मर्मत गर्न पालिकाहरूलाई अनुरोध गर्ने । साथै, जिल्लास्थित राष्ट्रिय सडक एवं आफ्नो अधिकार क्षेत्रभित्रका सडकहरू समयमा नै मर्मत गर्न सडक डिभिजन कार्यालय, मकवानपुरलाई अनुरोध गर्ने ।

८. सबै कार्यालयहरूले चाडपर्व सुरक्षालाई ध्यानमा राखी कार्यालयमा रहेका सवारी साधन चुस्त दुरुस्त अवस्थामा राख्ने र प्रशासनले आवश्यकता बमोजिम सुरक्षा कार्यका लागि परिचालन गर्न माग गरेमा उपलब्ध गराउने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी